११२

# राष्ट्रिय सूचना आयोगको

## आदेश

सु.न. ३१७/२०७१/०७२

२१५

२०६५

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, बबरमहल, काठमाडौं ...............१ विपक्षी

सूचना अधिकारी, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, बबरमहल, काठमाडौं .............१

विषय :- दस्तुर बुझाई सूचना दिने जानकारी सम्बन्धमा ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, बबरमहल, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१०।२५ मा पुनरावेदन गरेकोमा वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, बबरमहल, काठमाडौंले **"सूचनाका लागि यस विभागमा सम्पर्क राखि आफै नक्कल उतार गर्न वा विभागको तर्फबाट भए राजस्व बुझाई सो को रसिद पेश गर्नूहुन"** भन्ने बोधार्थ पत्र अनुसार पुनरावेदकले दस्तुर बुझाई सूचना प्राप्त गर्न सक्ने नै हुँदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना<br>(सूचना आयुक्त) | किरण कुमार पोखरेल<br>(सूचना आयुक्त) | कृष्णहरि बाँस्कोटा<br>(प्रमुख सूचना आयुक्त) |

इति सम्वत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।